**पाठ्यक्रमको रुपरेखाः–** यस पाठ्यक्रमको आधारमा निम्नचरणमा परीक्षा लिइने छ :

| | | |
|---|---|---|
| **प्रथम चरण** :– | लिखित परीक्षा | पूर्णाङ्क :– ५० |
| **द्वितीय चरण** :– | (क) प्रयोगात्मक | पूर्णाङ्क :– ५० |
| | (ख) अन्तर्वार्ता | पूर्णाङ्क :– २० |

**प्रथम चरण** – लिखित परीक्षा योजना(Examination Scheme)

| पत्र/विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्कभार | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | ५० | २० | वस्तुगत बहुवैकल्पिक(Multiple Choice) | ५०प्रश्न x १ अङ्क = ५० | ४५ मिनेट |

**द्वितीय चरण**

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या x अङ्कभार | समय |
|---|---|---|---|---|---|
| क) प्रयोगात्मक परीक्षा | ५० | २५ | प्रयोगात्मक | | १ घण्टा |
| ख) अन्तर्वार्ता | २० | | | | |

**द्रष्टव्य :**

१. लिखित परीक्षाको माध्यमभाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

२. लिखित परीक्षामा यथासम्भव पाठ्यक्रमका सबै एकाईबाट प्रश्नहरु सोधिनेछ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

५. लिखित परीक्षाबाट छनौट भएका परीक्षार्थीहरुले मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा भाग लिन पाउने छन् ।

**६. प्रयोगात्मक परीक्षा संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री साधन श्रोत उपलब्ध गराउने दायित्य माग गर्ने सम्बन्धित निकायमा रहनेछ ।**

**७. प्रयोगात्मक परीक्षा साधन श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।**

८. प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता यथासम्भव एकै दिन लिइनेछ ।

९. प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरुको मात्र तीनै भागको परीक्षाको प्राप्ताङ्क जोडी योग्यताक्रम अनुसार परीक्षाफल प्रकाशित गरिनेछ ।

९. पाठ्यक्रम लागू मिति :- २०७३/०२/२४

Public Service Commission

## लिखित परीक्षाको पाठ्यक्रम
## पत्र/ विषय :– सेवा सम्बन्धी

- नेपालमा पाल्तु तथा जंगली हात्तीहरुको अवस्थासम्वन्धी ज्ञान ।
- हात्तीको दानापानी र आहारा पहिचान र व्यवस्थापन :हात्तिको उमेर अनुसार लिने आहार-विहार, हात्तीको चरण क्षेत्र पहिचान र छनौट, घाँस प्रजातिहरु, लहरा प्रजाति, डाले घाँसका रुखहरु, उखु, केरा तथा सरकारी राशनहरुसम्वन्धी ज्ञान ।
- हात्तीले आहारा खाए नखाएको, विमारी र स्वास्थ्य हात्ती पहिचान गर्न सक्ने, कुची वनाउन र आहारा संकलन सम्वन्धी ज्ञान ।
- हात्ती बस्ने स्थानको सरसफाई, स्नान, नङ्गतथा दाह्रा काट्नेसम्वन्धी ज्ञान ।
- हात्ती संचालनका स्पर्श तथा स्वर, बोली, ईशाराहरु (Vocal Commands) कमाण्डहरुको ज्ञान र सीप ।
- हात्ती परिचालनका लागि आवश्यक सामान/औजारहरु र तिनको प्रयोग सम्वन्धी ज्ञान ।
- मातेको हात्तीको पहिचान, जंगली तथा समस्यामुलक हात्ती नियन्त्रणमा लिने विधिसम्वन्धी ज्ञान ।
- जंगली भाले हात्ती हात्तीसारमाआउँदाअपनाउनु पर्ने सावधानीहरु ।
- हात्तीको स्वास्थ्य (शारीरिक अवस्था) बारे सामान्य ज्ञान ।
- रोग परीक्षणको लागि एक्लाइएको हात्तीको व्यवस्थापन सम्बन्धी ज्ञान ।
- हात्ती प्रजनन् सम्बन्धी सामान्य ज्ञान ।
- सुत्केरी हात्ती र छावालाई जन्मदा जोगाउने र स्याहार सम्भार सम्वन्धी ज्ञान ।
- छावा हात्ती र हात्ती परिचालकलाई तालिमदिन सक्ने सीप र ज्ञान ।
- वन्यजन्तु /जंगली जनावारहरुको सामान्य पहिचान तथा चरण सम्बन्धी ज्ञान, हिंसक वन्यजन्तुहरुबाट बच्ने उपाय र वन्यजन्तु अवलोकन गर्दा अप्नाउनुपर्ने सावधानीका पक्षहरु ।
- वन्यजन्तुहरु समात्दा, स्थानान्तरण गर्दा, अनुसन्धानसम्वन्धी कार्य गर्दा अप्नाउनुपर्ने कुराहरु ।
- वन्यजन्तुलाई नियन्त्रण गर्दा समाउदा आवश्यक पर्ने सीप र ज्ञान ।
- हात्तीसार सम्वन्धी ज्ञान : हात्तीसारको इतिहास, नेपालका हात्तीसारहरु, हात्तीसारको संस्कृति, समूहमा रहदा बस्दा अप्नाउनुपर्ने आचरसंहिता, अनुशासन र उत्प्रेरणा ।
- मातहतका कर्मचारीहरुलाई खटनपटन, व्यवस्थापन, नियन्त्रण र विदा सम्वन्धीका प्रावधानहरु ।
- संरक्षित क्षेत्र सम्बन्धी सामान्य ज्ञान ।
- राष्ट्रिय निकुञ्ज तथाआरक्षहरुको संगठनात्मक संरचना सम्बन्धी सामान्य ज्ञान ।
- निकुञ्ज/आरक्ष क्षेत्र भित्र हात्ती प्रयोग गर्नुपर्ने कार्यहरु ।
- विशिष्ट व्यक्तिहरुको सवारी समारोहमा गर्नु पर्ने काम एवं शिष्टाचारबारे सामान्य ज्ञान ।

Public Service Commission

## प्रयोगात्मक परीक्षाको योजना

| विषय/ कार्य | परिमाण | अङ्क | समय |
|---|---|---|---|
| १.हात्ती चलाउन⁄हाक्न जान्ने । | हात्ती चलाउन⁄हाक्न आवश्यक पर्ने मुख्य स्पर्श तथा स्वर⁄ बोली ईशाराहरु मध्ये हात्ती दाउने कुनै १० ओटा ईशाराहरु प्रयोग गरी तोकिए अनुसार हात्ती चलाउने⁄ हाक्ने गर्नु पर्नेछ । | २० | २० मिनेट |
| २. हात्तीको दानापानी बनाउने । | | १० | ५ मिनेट |
| ३. घाँसको पहिचान/घाँस चिन्ने । | १०, १० ओटा डाले र भुँई घाँसहरु चिन्ने । | ५ | ५ मिनेट |
| ४. गद्दी र हौदा कस्ने । | | ५ | १५ मिनेट |
| ५. हात्तीको नङ काट्ने । | हात्तीको नङ काट्ने वा नङ काट्ने तरिका प्रर्दशन गर्ने । | ५ | ५ मिनेट |
| ६. हात्ती नुहाउने । | | ५ | १० मिनेट |
| **जम्मा** | | **५०** | **१ घण्टा** |

Public Service Commission